# यो सत्य हो

-ईश्वर बुढाथोकी

मेरो मन र मस्तिष्कलाई
उत्प्रेरित गर्ने ती यथार्थहरूलाई
जब लेख्न खोज्छु
मेरो कलम मौन हुन्छ
मनमा अन्तरद्वन्द्व र मस्तिष्कमा शब्दहरूको भीड हुनथाल्छ
तर, अँध्यारोले  लगाएको उज्यालोको नकाबलाई
बेनकाब  गर्न म असमर्थ हुन्छु

समयको साचो मेरो कलममा अड्किदिन्छ
यथार्थ कागजमा उत्रिँदैन
र, ज्यामितीको समानान्तर रेखाजस्तै
फेरि कोरिन्छ कलम र कापीबीच दूरी

म आफ्नो मन र मस्तिष्कलाई
थप्थपाउँछु, सुम्सुम्याउँछु
यही ठानेर कि
अब सत्यलाई सत्य भन्ने ठाउँ छैन

# गजल

-ईश्वर बुढाथोकी

बाहिर हिँड्दा आस्थाको भगवान्लाई ढोगेर हिँड्नुस् ।
साथमा आफ्नो परिचयपत्र पनि बोकेर हिँड्नुस् ।

कुन मोडमा के हुने हो यहाँ केही ठेगान छैन,
फुत्कन सक्छ है जिन्दगी मुठीमा रोकेर हिँडनुस् ।

सम्हाल्न नसके जे पनि बोल्नसक्छ जिब्रोले,
बोल्नुको साटो बरु जिब्रोलाई नै टोकेर हिँड्नुस् ।

पत्थरझैँ कडा हुनुपर्छ अब ऐनाजस्तो होइन,

चुपचाप बाटाका काँडा पाइलामा रोपेर हिँडनुस् ।

सहन सक्नुहुन्न त्यो पीडा भने यदि 'ईश्वर'जी,
छातीमा एउटा दुखद विगत खोपेर हिँड्नुस् ।

## गजल

-ईश्वर बुढाथोकी

हावामा फैलिएको छ जहर, विचार गरेर हिँड्नू ।
परिसक्यो यमराजको नजर, विचार गरेर हिँड्नू ।

अचेल पैदल हिँडेको देखिँदैन कोही कतै,
जतातत चलिरहेछ समर, विचार गरेर हिँड्नू ।

छिनछिनमै बस्तीहरूले फेर्न सक्छन् है रूप,
चिन्न नसकिएला आफ्नै घर, विचार गरेर हिँड्नू ।

डर, त्रास र भय जतातत फैलिएको बेला,
धेरै नै परेको छ असर, विचार गरेर हिँड्नू ।

मान्छेहरू हराउने शृंखला पो त सुरु भयो,
कतै तिमी हराउला 'ईश्वर', विचार गरेर हिँड्नू ।